सार्वजनिक सेवा पाउन खोपकार्ड अनिवार्य। पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक

कार्यालयः
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेलः
bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१४, ● अंक-२८ ● २०७८ माघ १० गते सोमबार, ● 24 Jan. 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-




## नेपालको जनसंख्या २,९१,९२,४८० पुग्यो

◆ विकास संवाददाता

तथ्याङ्क विभागले १२औँ जनगणनाको प्रारम्भिक तथ्याङ्क सार्वजनिक गरेको छ । वि.सं. २०७८ सालमा सम्पन्न गणनाको प्रारम्भिक तथ्याङ्क सार्वजनिक गरेको हो । सार्वजनिक भएको प्रारम्भिक तथ्यांकअनुसार हालको नेपालको जनसत्त्या २ करोड ९१ लाख ९२ हजार ४८० पुगेको छ ।

३० भदौदेखि १८ असोज र २५ कात्तिकदेखि ९ मङ्सिरसम्म गरेर दुई चरणमा सम्पन्न भएको जनगणनाले अघिल्लो जनगणना २०६८ को तुलनामा २७ लाखले बढी हो । यस्तै, यो जनगणनाबाट नेपालको जनसंख्या वृद्धिदरमा समेत गिरावट आएको पाइएको छ ।

# अंगारालाई 'थाहा गोल्डकप'को उपाधि



विकास संवाददाता
थाहानगर

मकवानपुरको थाहानगरमा संचालित तेस्रो थाहा गोल्डकपको उपाधी अङ्गारा युवा क्लबले हात पारेको छ । ५ माघमा भएको फाइनल खेलमा अङ्गाराका सुशान्त कार्कीले खेलको ७६ औं मिनेटमा बारा ११ का विरूद्ध गोल गर्दै अङ्गारालाई उपाधी दिलाएका हुन् । कार्की आजको खेलको म्यान अफ दि म्याच समेत घोषणा भए ।

जितसङ्गै अङ्गारा युवा क्लबले नगद एक लाख रूपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र हात पारेको छ । प्रतियोगितामा उत्कृष्ट खेलाडी अङ्गारा युवा क्लबका जान्मे धामी भए भने उत्कृष्ट मिडफिल्डर बारा ११ का ओम चौधरी, उत्कृष्ट गोलकिपर अङ्गाराका कुशल गिरी, उत्कृष्ट डिफेन्डर अङ्गाराकै सिशास थापा र उत्कृष्ट गोलकर्ता डाडाबास फुटबल क्लबका विशाल स्याङ्तान पुरस्कृत भए ।

फाइनलमा पराजित बारा ११ ले नगद ५० हजार रूपैयाँसहित मेडल तथा प्रमाणपत्र हात पारे । बिजेता तथा उपबिजेता टोलेवलाई प्रमुख अतिथि बागमती प्रदेशका युवा तथा खेलकुद मन्त्री रत्न ढकालले पुरस्कार प्रदान गरे । प्रतियोगिताको प्रथम पुरस्कार हेटौंडा स्कुल अफ म्यानेजमेन्ट र दोस्रो पुरस्कार स्वच्छन्द निर्माण सेवाले प्रायोजन गरेको थियो । थाहा गोल्ड कप थाहा आन्दोलनका प्रणेता स्व. रूपचन्द्र बिष्टको ८८ औं जन्मजयन्तिको अवसर पारेर पुस २६ गतेदेखि सञ्चालन गरिएको थियो ।

## पालुङ जेसीजका अध्यक्ष खत्री पदस्थापित



◆ विकास संवाददाता

पालुङ जेसीजको २२ औं पदस्थापन तथा पुरस्कार वितरण समारोह जेसीज हलमा सम्पन्न भएको छ । वर्ष २०२१ का अध्यक्ष नवराज लामाको अध्यक्षतामा भएको समरोहमा प्रमुख अतिथि थाहा नगरपालिकाका प्रमुख लवशेर विष्टले जेसीजले गर्ने हरेक सामाजिक क्रियाकलापमा नगरपालिकाले सहकार्य गर्न नगरपालिका तयार रहेको बताए । नगर प्रमुख विष्टले थाहानगरको युवाहरूको वृद्धि विकासका निमित्त पनि जेसीज अभिन्न अङ्ग बनेको बताए ।

वर्ष २०२२ का लागि निर्वाचित जयराम खत्रीलगायत सम्पूर्ण पदाधिकारीहरू पदस्थापन भएका हुन् । जेसीजको विधि अनुसार वर्ष २०२१ का निवर्तमान अध्यक्ष मनोज रायमाझी पूर्व अध्यक्ष क्लवमा, वर्ष २०२१ का अध्यक्ष नवराज लामा निवर्तमान अध्यक्ष र जयराम खत्री अध्यक्षको कुर्चीमा पदस्थापित भएका हुन् ।

पदस्थापित पदाधिकारीहरूलाई सपथ गराउदै पदीय प्रमाणपत्रहरू प्रदान गरिएको थियो । वर्ष २०२१ का अध्यक्ष लामाले आफ्नो कार्यकालमा उत्कृष्ट कार्य गरेका पदाधिकारीहरू, पूर्व अध्यक्षलगायतलाई अवार्ड प्रदान गरिएको थियो ।

पदस्थापित अध्यक्ष खत्रीले अध्यक्षको स्वीकारोक्ति मन्तव्य राख्दै आफ्नो कार्यकालको लागि नीति तथा कार्यक्रमहरू प्रस्तुत गरे । अध्यक्ष खत्रीले प्रस्तुत कार्यक्रमहरू सम्पन्न गर्न ३५ बढी सदस्यहरूलाई विभिन्न संयोजकहरूमा मनोनित गरे । अध्यक्ष खत्रीले महासचिवमा निरज रायमाझी, कोषाध्यक्षमा बिक्रम गोपाली र कानूनी सल्लाहकारमा संगम कार्कीलाई मनोनित गरे ।

अध्यक्ष खत्रीले अध्यक्षको प्रमुख सल्लाहकारमा पूर्व अध्यक्ष सुरेन्द्रमान प्रधान र बोर्ड सल्लाहकारमा मनोज रायमाझीलाई मनोनित गरे । कार्यक्रममा थाहानगरका उपप्रमुख खड्ग गोपाली, पालुङ जेसीजका संस्थापक अध्यक्ष पुरूषोत्तम ढकाल, पूर्व अध्यक्ष सानोभाइ कार्की, सुरेन्द्रमान प्रधान, हेटौंडा जेसीजका अध्यक्ष पवन कंसाकारले शुभकामना मन्तव्य व्यक्त गरे ।

## इन्द्रायणी चौरलाई व्यवस्थित बनाउन सहयोग गर्छु-मन्त्री ढकाल



बागमती प्रदेशका युवा तथा खेलकुद मन्त्री रत्न ढकालले थाहा नगरको खेलकुद विकासको लागि भौतिक पुर्वाधार आबश्यक रहेकोले नगरको इन्द्रायणी चौर खेल मैदानलाई राम्रो खेल मैदानको रूपमा विकास गर्न आफुले सक्दो सहयोग गर्ने बताएका छन् । ५ माघमा थाहानगरमा आयोजित तेस्रो थाहा गोल्डकपको समापन तथा पुरस्कार वितरणको अबसरमा आफ्नो भनाइ राख्दै मन्त्री ढकालले यस्तो बताएका हुन् । मन्त्री ढकालले इन्द्रायणी चौरमा खेल खेलेको देख्दा नगरलाई मैदानको आबश्यकता देखेको बताउँदै नगरपालिकाले प्रस्ताव लियर आय उचित खेल मैदानको रूपमा इन्द्रायणी चौरलाई विकास गर्न आफुले पहल गर्ने बताए । यसका लागि नगरपालिकासंग समन्वय गरेर अगाडि बढ्ने बताए । उनले थाहा आन्दोलनका धरोहर रूपचन्द्र विष्टको स्मृतिमा नगरले खेल आयोजना गरेकोमा खुशी व्यक्त गरे ।

थाहा नगर खेलकुद विकास समितिका संयोजक राजेश केसीको अध्यक्षतामा सम्पन्न समारोहमा हेटौंडा स्कुल अफ म्यानेजमेन्टका प्रमुख पुरन बहादुर जोशी, थाहा नगरपालिकाका प्रशासकीय अधिकृत हरिलाल पुरी, थाहानगर उद्योग बाणिज्य संघका महासचिव सुरेन्द्रमान प्रधान, नेकपा एकीकृत समाजवादीका बागमती प्रदेश सदस्य कल्याण बिक्रम घलान, थाहा नगरपालिकाका राजनैतिक सल्लाहकार विष्णु विष्ट 'आदर्श', नेपाली काँग्रेस थाहानगर सभापति प्रमोदकृष्ण जोशी, माओवादी केन्द्र थाहा नगरका नेता अरूण रायमाझी, नेकपा एमालेका नगर उपसचिव सुजन रायमाझी, इप्रका पालुङका प्रमुख श्रीराम तिमिल्सिना, पालुङ बहुउद्देश्यीय सहकारी सस्थाका अध्यक्ष पुरूषोत्तम कार्की, फरक सोचका अध्यक्ष यादव रायमाझी थाहानगरका जनप्रतिनिधिहरू लगायतको उपस्थिति रहेको थियो । प्रतियोगिता मा २६ टिमको सहभागिता रहेको थियो ।




प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७९५३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# • सम्पादकीय •

## अबको काम, बुस्टर डोज अभियान

मुलुकमा वर्षौंपिच्छे जस्ते भसक्यो नयाँ भेरियन्टको कोभिडले सताउन थालेको । त्यसै अनुरुप यतिबेला कोरोना नयाँ चरणमा प्रवेश गरेको छ र त्यसले खोपको अर्को मात्रा खोजिरहेको छ । त्यो हो, बुस्टर डोज, कोरोनाले नयाँ चरणमा प्रवेश गरेपछि विज्ञहरूले त्यससँग लड्न बुस्टर डोजको अवधारणा ल्याएका हुन्। कतिपय देशले यस्तो डोज लगाई पनि सके । तर नेपालमा भने यस गति धिमा छ । अर्थात भनौं, सुरसार नै छैन । तर पहुँचवालाले भने भित्रभित्र यस्तो डोज लगाइसकेको विभिन्न सञ्चार माध्यममा आइरहेका छन् । यो गम्भीर पक्षपात हो । अहिले त्यस्तो डोज दिन सकिँदैन भने स्पष्ट भनिदिए हुन्छ । यो खोप आफ्नो देशमा उत्पादन हुने होइन । तर जब राज्यका नजिक रहेकाहरूले भने त्यो सुविधा पाउँछन् र निमुखा भने हेरेको हे-यै हुन्छन् भने आफ्ना नागरिकप्रति सरकार जिम्मेवार नभएको उदाहरण हो । पहुँचवाला त्यसै पहुँचमा हुन्छन् । राज्य चाहिने त निमुखालाई हो नि । यो डोजका लागि नागरिक प्रतीक्षामा रहेका बेला सरकारले भने नयाँ अपिल ग¥यो, जसमा यो डोजको चर्चा समेत छैन । यता खोप यति बढी मात्रामा आइसकेका रहेछन् जो भण्डारण हुन नसकेर र समयमा दिन नसकेर सडिरहेका छन् । त्यस्तो बेला बुस्टर डोज चलाइदिए के बिग्रिन्छ भन्ने प्रश्न उठ्छ नै । तर सरकार भने त्यो पक्षमा देखिएन । सरकारका प्रवक्ताले गरेको अपिलले नै सो कुरा बुझाउँछ । प्रवक्ताको अपिलमा भनिएको छ- 'प्रधानमन्त्रीले मुलुकको कार्यभार सम्हाल्दै गर्दा जनताको जीवनरक्षाका निमित्त खोप लगाउन बाँकी सबै नेपालीलाई चैतभित्र पूरा गर्ने अठोट गर्नुभएको थियो, त्यो प्रतिबद्धता विश्वासमा परिणत भएको छ, आज खोपको सन्त्रासबाट बिस्तारै हाम्रो समाज उन्मुक्तितर्फ अगाडि बढेको छ, चैत्रभित्र सरकारले खोपसँगै आर्थिक व्यवस्था पनि गरेको छ, अब यसलाई सफल बनाउनु सबैको उत्तिकै भूमिका हुन्छ ।'

यो अपिलमा बुस्टर डोजको कतै चर्चा छैन । प्रवक्ताको यस्तो अपिल आउँदा अर्थमन्त्रीचाहिँ खोपको अवस्थाबारे बताइरहेका थिए । उनका अनुसार नेपाली जनतालाई पूर्ण खोपको अवस्थामा पु-याउनेबित्तिकै मुलुकको आर्थिक वृद्धिमा मदत पुग्नेछ । खोप र अन्य सामग्रीका लागि बजेटको कुनै समस्या छैन । जनशक्तिको अभाव भएमा त्यसका लागि पनि व्यवस्थापन गरिनेछ, यो अभियान सफल बनाइनेछ । यो पहिलो डोजको सन्दर्भ हो । उनले दिएको संकेतअनुसर डोज जुनसुकै होस् सरकारसँग साधनस्रोतको पर्याप्तता छ । त्यसो हो भने उपलब्ध भएका डोजहरू किन खेर जान दिने ? यो पछिल्लो समयमा थपिएको डोज पनि अनिवार्य नै हो भने यसलाई पनि अभियानकै रूपमा चलाए हुँदैन ? राज्यले सोचोस् । त्यसै पनि कोरानाबाट जोगिन खोप अभियानका लागि हालसम्म राज्यको ३३ अर्ब २४ करोड खर्च भइसकेको छ । अर्थमन्त्रीका अनुसार अहिले अभियानका लागि ३३ अर्बबराबरको कोष रहेको अवस्था छ । यसको अर्थ हो यो डोजका लागि पनि नयाँ स्रोत जुटाइरहनु पर्दैन ।

समाचार विवरणमा आएअनुसार नेपालमा पछिल्लो समय यो खोपको यतिखात लागेको छ, राख्ने ठाउँ समेत छैन । विभिन्न मुलुकबाट करिब तीन करोड ८५ लाख ३९ हजार दुई सय ८० मात्रा खोप आइसकेको छ । भेरोसेल, कोभिसिल्ड, फाइजर, मोडर्ना जोन्सन एन्ड जोन्सन र अस्ट्राजेनिका आदि छन् । यी सबै तेस्रो मात्रा दिन मिल्ने खोप हुन् । अहिलेसम्म दुई करोड १७ लाख ५६ हजार सात सय ६३ जनाले कोभिडविरुद्धको खोप लगाइसकेका छन् । यी सबैले के बुझाउँछ भने तेस्रो डोजका लागि अभियान चलाए मात्राको कुनै कमी हुने छैन ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# स्थानीय न्यायीक समिति : अवसर र चुनौती



*अजयराज सुवेदी*

**विषय प्रवेश**

नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको संविधानले स्थानीय सरकारले न्यायीक अधिकार अभ्यास गर्न पाउने परिकल्पना गरेको छ । विकेन्द्रित न्यायको सिद्धान्त वमोजीम सबै नागरिकहरूले स- साना विवादहरूको इन्साफ नजिकको निकायबाट प्राप्त गरून भन्ने हेतुले संविधानमा नै सो व्यवस्था गरिनु निश्चय पनि सान्दभिक विषय हो । परम्परागत न्याय प्रणाली अनुसार न्याय सम्पादन नियमित अदालतबाट मात्र गरिने अभ्यासलाई आजको आधुनिक राज्य संरचना केही परिमार्जन गरी बैकल्पीक उपायहरू बार्ता, मेलमिलाप र मध्यस्थताबाट विवाद समाधान गर्ने अभ्यास बढी प्रचलनमा आएको अवस्थामा स्थानीय न्यायिक समितिको व्यवस्था पनि यसैको उपज हो भन्न सकिन्छ । वैकल्पीक उपायबाट बिवादको निरूपण गर्नाले एकतिर नियमित अदालतको कार्य बोझ कम हुन जाने र अर्को तर्फ नागरिकहरूले सानातिना देवानी ,कराररिय, लेनदेनका विवादमा नियमित अदालत जान लाग्ने श्रम, समय र धनको समेत वचत हुन सक्ने यसका महत्वपुर्ण सवल पक्षहरू रहेका छन् । यस विषयलाई नै मध्यनजर गरी स्थानीय सरकार सन्चालन ऐनले स्थानीय न्यायीक समितिले विवादको निरूपण गर्दा मेलमिलापलाई प्राथामिकता दिनु पर्ने उल्लेख गरेको छ ।

**तहगत सरकारको न्यायीक संरचना :**
**संघीय तह** : संघीय तह अन्तर्गत सर्वोच्च अदालत र सो माताहतका उच्च र जिल्ला तहका नियमित अदालतहरू साथै खास किसिम र प्रकृतीका मुद्दाहरूको कारवाही र किनारा गर्न कानून वमोजीम गठन भएका बिशिष्टिकृत अदालत, न्यायिक निकाय र न्यायधिकरणहरू रहेका छन् ।

**प्रादेशिक तह** : नेपालको न्यायापलिका एकिकृत रहने व्यवस्था संविधानमा गरिएको छ । तर नेपालको संविधान, २०७२ को धारा १४८ मा प्रदेश कानून बमोजीम स्थानीय न्यायीक निकाय गठन गर्न सकिने र तत् निकाय जिल्ला अदालतको मातहत रहने कुरा उल्लेख गरिएको छ तर यो व्यवस्था हाल सम्म कार्यान्वयनमा नआएकोले यसले व्यवहारिक रूपमा कस्तो आकार लिने हो अहिले भन्न नसकिएतापनि कतिपय जानकारहरूले यस व्यवस्थालाई प्रदेशको न्यायीक संरचनाको रूपमा रहने वताउदै आएका छन् ।

**स्थानीय तह** : स्थानीय तहमा कार्यपालिका अन्तर्गत स्थानीय न्यायीक समिति र स्थानीय अदालत रहने र वैकल्पीक विधिबाट विवाद समाधान गर्न मेलमिलाप व्यवस्थापन र मध्यस्थता सम्वन्धी व्यवस्था रहने उल्लेख छ ।

**स्थानीय न्यायीक समितिका चुनौतीहरू** : आधारभुत पुर्वाधार विना नै नेपालका स्थानीय सरकारहरू क्रियाशिल हुन पुगे । यसको सत्रमणकालीन व्यवस्थापनमा संघीय सरकार जति गम्भिर हुनुपर्ने हो त्यो नहुँदा हाल स्थानीय न्यायीक समितिका चुनौतीहरू खडा भएका देखिन्छन्।जसलाई निम्न वमोजीम चर्चा गर्न सकिन्छ ।

**समीतिको प्रकृति नै राजनितिक** : विश्वमा न्यायीक निरूपण गर्ने निकायका पदाधिकारी वा न्यायमुर्तीहरू न्याय र कानूनको क्षेत्रमा विशिष्ट योग्यता हासिल व्यक्तिहरू मध्येवाट निश्चित मापदण्डको आधारमा छनौट गरिने अभ्यास छ तर यसको विपरित स्थानीय न्यायीक समितिका संयोजक प्रत्यक्ष रूपमा वालिग मताधिकारको आधारमा र अन्य दुई सदस्य भने सभाबाट अप्रत्यक्ष रूपमा निर्वाचित हुन्छन । यसरी वहाल रहने पदाधिकारीहरू कानुन भन्दा पनि आफ्ना मतदाता र राजनितिक दल प्रति जवाफदेही र उत्तरदायी हुदा न्यायीक निरूपणमा निष्पक्षता र तटस्थामा प्रश्न आउने हुन्छ । यस परस्पर विरोधी सवालमा सन्तुलित कार्य सम्पादन गर्न न्यायीक समितिको ठुलो चुनौती मान्न सकिन्छ ।

**दक्षताको सीमितता** : कानूनले स्थानीय न्यायीक समितिका पदाधिकारीहरूको कानूनी योग्यता तोकेको छैन तर जिम्मेवारी भने तोकिदिएको छ । न्यायीक सम्पादन गर्ने क्रममा उजुरीको प्रारम्भिक सुनुवाई गर्ने, प्रतिवादी उपस्थीत गराउने, अन्तरकालिन आदेश जारी गर्ने, प्रमाण बूझ्न आदेश दिने, मेलमिलापको लागि पठाउने, आवश्यक परे न्यायीक फैसला समेत गर्नु पर्ने अवस्थामा यस्ता कार्यविधिको कार्यान्वयन गर्नमा राजनीतिक प्रकृतिको समितिलाई ठुलो चुनौती रहेको पाउन सकिन्छ ।

**संयोजकको वहुल जिम्मेवारी** : स्थानीय सरकार सन्चालन ऐन, २०७४ ले गाउँपालिका उपाध्यक्ष र नगर उप प्रमुखको काम, कर्तव्य तथा अधिकार तोकेको छ । त्यसमा उनीहरू न्यायीक समितिको संयोजकका अतिरिक्त राजश्व परामर्श समितिको संयोजक, वजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक, बजार अनुगमन, चालु आयोजना तथा कार्यक्रमको अनुगमनको नेतृत्व गर्ने , गैर सरकारी संघ संस्थासंग समन्वय र सहकार्य, अध्यक्ष वा नगरप्रमुखको अनुपस्थितीमा कार्यवहाक अध्यक्ष वा नगर प्रमुखको जिम्मेवारी वहन गर्नु पर्ने अवस्थामा न्यायीक समितिको कामकार वाही समेत सन्तुलित रूपमा लैजान अर्को चुनौती देखिन्छ ।

**प्रशासनिक व्यवस्था नहुनु** : न्यायीक समितिको सचिवालय अन्तर्गत उजुरी दर्ता फाँट र अभिलेख फाँटको आवश्यकता हुन्छ । हाल सम्म स्थानीय सरकारी सेवा ऐन नवनेको र न्यायीक समितिमा न्याय वा कानून सेवाका कर्मचारीको व्यवस्था हुने वा नहुने स्पस्ट पहिचान हुन सकेको छैन । फैसला कार्यान्वयन गर्न अभिलेख संरक्षण गर्न, म्याद तामेल गर्ने गरी कर्मचारी व्यवस्था नहुदा अर्को चुनौतीको रूपमा देखा परेको छ ।

**स्रोत साधनको व्यवस्था** : स्थानीय तहमा हाल भौतिक पुर्वाधार क्षेत्रमा मात्र स्रोत वाँडफाँट हुने तर न्याय ,मानव अधिकार र कानुनी क्षेत्रको विकाशमा खासै प्राथामिकता नपरेको देखिन्छ । यस क्षेत्रलाई समेत प्राथामिकताको क्षेत्रमा राखि आवश्यक स्रोतको व्यवस्थापन गर्दै कानुनी सचेतना, मानव अधिकार न्यायमा पहुँच जस्ता कार्यक्रम सन्चालन गर्न अर्को चुनौती देखिन्छ ।

**अन्य चुनौतीहरू** : यसरी अन्य चुनौतीहरूमा सुनुवाईको लागि इजलास व्यवस्थापन गर्ने सामाजीक कुरूतीका विषयलाई न्याय र मानव अधिकारसंग तालमेल गराउने कार्यपालिका र बिषयगत शाखासँग समन्वय गर्ने इत्यादी ।

**न्यायीक समितिका अवसरहरू**
**न्यायमा पहुँच** : नेपालमा हाल ठुलो तप्का न्यायको पहुँचमा आउन सकेको छैन । न्यायमा सम्भान्त वर्गको पहुँच मात्र स्थापीत भएको अवस्थामा नजिकको न्यायीक निकाय भएको नाताले आम मानिसहरूमा न्यायमा पहुँच विस्तार गरी यसको दायरा फराकिलो वनाउन अहम् भुमिका खेल्न सक्छ । विशेष गरी शक्ती संरचनाको पिँधमा रहेका दलित, महिला, जेष्ठ नागरिक, वालवालिका र सिमान्तकृत वर्गका व्यक्तिहरूका लागि न्यायको पहुँच स्थापीत गर्ने अवसर रहेको पाउन सकिन्छ ।

**संघीयताको अभ्यास** : नेपालमा स्थानीय सरकारलाई संघीय एकाईको रूपमा परिभाषित गरिएको छ । समितिले न्यायीक अधिकारको अभ्यास गर्ने दुर्लभ अवसर समेत प्राप्त छ । अव स्थानीय तहबाट नै संघीयताको अभ्यासको अवसर प्राप्त गरी त्यसप्रति अपनत्वको भावना विकाश गराउन जरूरी छ । स्थानीय तहमा कार्यपालिकाको अधिकार, विधायीकाको अधिकारको अतिरिक्त न्यायीक अधिकार प्रदान गरिएवाट संघीयताको वास्तविक अभ्यासको अवसर स्थानीय तहलाई प्राप्त भएको देखिन्छ ।

**संघीय एकाई विचको सेतु** : स्थानीय न्यायीक समितिको न्यायीक क्षेत्राधिकार प्रदेश कानून र संघीय कानुनले तोक्न सक्छ । नागरिक न्यायको ढोका ढकढकाउन स्थानीय सरकार समक्ष पहिला पुग्छन त्यस्तो अवस्थामा समितिको क्षेत्राधिकार भित्र पर्ने देखिएमा विवादको निरूपण गर्ने अन्य अवस्थामा क्षेत्राधिकार भएको निकायमा पठाउन सक्छ । कतिपय ऐनले त यसको बिषयमा कानुनमा नै व्यवस्था गरिदिएको छ । जस्तै बालबालिका सम्वन्धी ऐन, घरेलु हिंसा (कसुर तथा सजाय) ऐन इत्यादी

**द्धन्द समाधान गर्ने** : स्थानीय विवाद तथा तनावहरूको शान्तिपुर्ण समाधान गर्ने । समुदायमा सामाजिक सहिष्णुता

*बाँकी पेज ३ मा*








## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

# के कोरोनाको खतरनाक भेरियन्ट 'नियोकोभ' फैलिँदैछ ?



केही वर्षयता कोरोना भाइरसले सर्वत्र सन्त्रास फैलाइरहेको छ । विश्वव्यापी रूपमा फैलिएको कोरोना संक्रमणले लाखौंको ज्यान लियो । यसले कतिपयलाई अस्पतालको शैयामा पुऱ्यायो भने कतिपयलाई शारीरिक र मानसिक रूपमा शिथिल बनाइदियो । कोरोना संक्रमण बढ्दै जाँदा विश्वकै जनजीवन प्रभावित बन्यो ।

यतिबेला कोरोनाको ओमिक्रोन भेरियन्टले विश्वलाई त्रसित बनाइरहेको छ । यो आतंक मत्थर हुन पाएकै छैन, कोरोनाकै अर्को भेरियन्ट 'नियोकोभ' फैलिने जोखिम रहेको चर्चा हुन थालेको छ । चिनियाँ वैज्ञानिकहरूले उक्त खतरनाक भेरियन्ट फैलनसक्ने भन्दै सर्तक रहन सुझाव समेत दिएका छन् ।

चीनको वुहानका वैज्ञानिकहरूले नयाँ भरियन्ट 'नियोकोभ' तुलनात्मक रूपमा निकै खतरनाक भएको दाबी गरेका छन् । यसको संक्रमण हुनेमध्ये तीनमा एक जनाको मृत्यु हुनसक्ने उनीहरूले चेतावनी दिएका छन् । वैज्ञानिकका अनुसार कोरोनाको यो भेरियन्ट दक्षिण अफ्रिकामा पत्ता लागेको हो । हुन त, अहिलेसम्म यो भाइरसको संक्रमण मान्छेमा देखिएको छैन । यद्यपि चमेरोमा भने यो भाइरस देखिएको छ ।

### चीनका वैज्ञानिकको चेतावनी

कोरोना भाइरसको नयाँ भेरियन्ट नियोकोभलाई लिएर चीनका वैज्ञानिकले विश्वलाई चेतावनी दिएका छन् । यो भेरियन्टको बारेमा शोध गर्ने वैज्ञानिकले भनेका छन्, 'यो नयाँ भेरियन्ट एकदमै बढी संक्रामक र खतरनाक छ ।'

वैज्ञानिकले यस नयाँ शोधलाई वेबसाइटमा प्रकाशित गरेका छन् । शोधपत्रमा भनिएको छ, कोरोनाको नयाँ भेरियन्ट नियोकोभ र त्यसको सहयोगी भेरियन्ट पीडीएफ–२१८० कोभले मान्छेलाई एकदमै तीव्र रूपमा संक्रमित गर्न सक्छ । यस सोधमा लेखिएको छ, यस भाइरसको संक्रमण हुने तीनमध्ये एक जनाको मृत्यु हुनसक्छ ।

वुहान विश्वविद्यालय र चाइना एकेडेमी अफ साइन्सेसका वैज्ञानिक र शोधकर्ताले नियोकोभ भाइरसबारे चेतावनी दिएका हुन् । वैज्ञानिकका अनुसार कोरोनाको नयाँ भेरियन्ट नियोकोभले मानिसलाई संक्रमित बनाउन केवल एक म्युटेसन भए पुग्छ । चीनका वैज्ञानिकले चेतावनी दिएसँगै रूसका सरकारी भाइरोलोजी शोध केन्द्रले पनि यस विषयमा आफ्नो धारणा राखेको छ । रूसका सरकारी भायरोलोजी शोध केन्द्रका अनुसार चीनका वैज्ञानिकले जारी गरेको आँकडा अनुसार उक्त भेरियन्ट अहिलेसम्म मान्छेलाई संक्रमित गर्न सक्षम छैन । उनीहरूले यसको जोखिमलाई मध्यनजर गर्दै थप खोज अनुसन्धानको जरूरी छ ।

### दक्षिण अफ्रिकाको चमेरामा भेटिएको थियो नयाँ भाइरस

कोरोनाको यो नयाँ भेरियन्ट दक्षिण अफ्रिकामा पाइएको हो । यस भेरियन्टको पुष्टि अहिलेसम्म चमेरामा मात्र भएको छ । वुहान युनिभर्सिटी र चाइनीज एकेडेमी अफ साइन्सेस, इन्स्टिच्युट अफ बायो फिजिक्सका वैज्ञानिक एवं शोधकर्ताले भनेका छन्, अहिले यो भाइरस पंक्षीमा देखिएको भएपनि यसले मान्छेलाई संक्रमित गर्न सक्छ ।

## यि हुन् ओमिक्रोनका २० लक्षण

नेपालमा कोरोना संक्रमितको संख्या दैनिक बढ्दै गइरहेको छ । बेलायतमा भएको एक अध्ययनले ओमिक्रोन संक्रमितमा विभिन्न २० वटा लक्षण देखिएको पत्ता लगाएको छ । यी लक्षण एकै व्यक्तिमा सबै लाग्ने नभएर ओमिक्रोन संक्रमितहरूमा देखिएका लक्षणहरू हुन् । अध्ययनले संक्रमितहरूमा देखिएका लक्षणहरू संकलन गर्ने क्रममा निम्न २० लक्षण देखिएको जनाएको छ ।

१. टाउको दुख्ने
२. नाकबाट पानी बग्ने
३. थकाइ
४. हाच्छ्युँ
५. घाँटी खसखस हुने
६. खोकी लाग्ने
७. कर्कश आवाज
८. जाडो लाग्ने वा शरीर काँप्ने
९. ज्वरो
१०. रिंगटा लाग्ने
११. मस्तिस्कमा सामान्य असर। जस्तै केही कुरा भुल्ने, एकाग्र नहुने।
१२. सुँघ्ने क्षमतामा फरक
१३. आँखामा दुखाइ
१४. मांशपेशीमा दुखाइ
१५. छाती दुख्ने
१६. भोक नलाग्ने
१७. स्वाद हराउने
१८. कमजोरी
१९. श्वासप्रश्वासमा समस्या
२०. छालामा डबर तथा दाग देखिने

बच्ने उपाय

यसबाट बच्नका लागि कोरोना भाइरसको पूर्ण मात्रा खोप लगाउनाका साथै जनस्वास्थ्य मापदण्ड अर्थात भीडभाड नगर्ने, सेनिटाइजरको प्रयोग र हात साबुनपानीले पटक पटक धुनु पर्दछ। सही तरिकाले मास्कको प्रयोग गर्न र एक व्यक्ति तथा अर्को व्यक्तिबीचको भौतिक दूरी एक मिटर कायम गर्नुपर्दछ ।

## स्थानीय न्यायीक समिति... ... .

तथा सौहार्दता कायम गराउन सहयोगी तथा परिपुरकको खेल्न सक्छ ।

**वैकल्पिक उपायबाट विवाद समाधान गर्ने** : स्थानीय सरकार सन्चालन ऐन, २०७४ ले न्यायीक समितिको दुई खाले क्षेत्राधिकार तोकेको छ । एउटा विवादको निरूपण गर्ने अर्को मेलमिलाप मात्र गराउने त्यसमा पनि निरूपण गर्ने विवादमा मेलमिलापको लागि अधिकतम प्रयास गर्नु पर्ने साथै वडा तहमा मेलमिलाप केन्द्र सन्चालनमा ल्याउनु पर्ने प्रावधानले उल्लेखित विधिको प्रवर्द्धनमा सहयोग पुर्याउने देखिन्छ ।

**नेतृत्व निर्माण** : स्थानीय स्तरबाट राजनितिक नेतृत्व मात्र विकास नगरी न्यायीक बिषयमा समेत नेतृत्व विकाश गराउन अवसर प्राप्त छ । राजनितिक रूपमा निर्वाचित भए पश्चात दलिय आग्रह र पुर्वाग्रहबाट मुक्त भइ जनताको सेवामा समर्पीत तुल्याउन समेत यसले सघाउ पुर्याउन सक्छ । अवको लामो अवधिसम्म गरिने स्थानीय तहको न्यायीक अभ्यासले महिला ,विपन्न वर्ग तथा सिमान्तकृत व्यक्तिहरूलाई शसक्तिकरणको अवसर प्रदान गरी नेतृत्व निर्माणमा सघाउ पुर्याउने देखिन्छ ।

**सहभागिता मार्फत शुसासन** : न्याय विना शान्ति, शान्ति विना विकाश र विकाश विना सरकारले बैधता पाउन नसक्ने हुनाले न्यायीक सम्पादन कार्यमा गरिव, महिला, बालबालिका घरेलु हिंसा पिडित र महिलाहरूको सहभागिता मार्फत न्यायीक पहुँच विस्तार गर्न सकिन्छ ।

**निष्कर्ष** :

यसरी स्थानीय न्यायीक समितिका चुनौतीलाई सहजता पुर्वक सामाना गर्दै अवसरको अधिकतम उपयोग गरी स्थानीय न्यायीक समितिलाई सक्षम, सवल र सुदृढ वनाई न्यायीक सम्पादन गर्न सकेको खण्डमा स्थानीय सरकारलाई संस्थागत गर्नमा सघाउ पुर्याउछ । यसरी स्थानीय सरकार अधिकार सम्पन्न र स्रोत साधन युक्त भएको वास्तविक अनुभुती नागरिकहरूले गर्न सक्छन् ।

*(लेखक सुवेदी स्थानीय तह हक हित मन्च,गण्डकी प्रदेशको सचिव समेत हुन् ।)*

# सात अर्ब रकमान्तर गर्दै बागमती प्रदेश सरकार

◆ विकास संवाददाता

बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष (आव) ०७८/८९ मा ७ अर्ब रूपैयाँभन्दा बढी बजेट रकमान्तर गर्ने तयारी गरेको छ । सत्तारूढ गठबन्धनभित्रै मतभेद र कानुनी जटिलताका कारण पूरक बजेट ल्याउने निर्णयबाट पछाडि हटेको प्रदेश सरकारले वर्षैंभरि रकमान्तर गरेर आफ्ना प्राथमिकताका योजना कार्यान्वयन गर्ने नीति अवलम्बन गर्न लागेको हो । प्रदेश सरकारले चालु आवका लागि ५७ अर्ब ७२ करोड ९ लाख २७ हजार रूपैयाँ बराबरको बजेट ल्याएको थियो ।

कुल बजेटको ५१ प्रतिशत अर्थात् २९ अर्ब ७० करोड ४३ लाख रूपैयाँ विकास बजेट छ । 'हामीले ७ वटा प्राथमिकता निर्धारण गरेका छौं । चालु आवमा उक्त प्राथमिकता कार्यान्वयन गर्न ७ अर्ब रूपैयाँ लाग्ने अनुमान गरेका छौं,' सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्ण शर्मा खनालले भने, 'पूरक बजेट नल्याउने भएसँगै सरकारको प्राथमिकता र नीतिअनुसार काम गर्न बजेट अभाव हुन नदिन रकमान्तर गर्न लागिएको हो ।'

तत्कालीन डोरमणि पौडेल नेतृत्वको सरकारले ल्याएको चालु आवको बजेटमा समेटिए पनि कार्यान्वयन हुन नसक्ने योजनालाई हटाएर आफ्नो प्राथमिकताअनुसार खर्च गर्ने नीति हालको राजेन्द्र पाण्डे नेतृत्वको सरकारले लिएको छ । ६ महिनासम्म पनि सुरू नभएका योजना र बजेटको सूची तयार गर्न मन्त्रालयगत रूपमा मुख्यमन्त्री पाण्डेले निर्देशन दिइसकेका छन् । 'हामीले खर्च नहुने र धेरै बजेट भएका योजनाको रकमलाई रकमान्तर गर्नेछौं,' आर्थिक मामिला तथा योजनामन्त्री शालिकराम जम्मकट्टेलले भने । उनले बजेट खर्च बढाउन भए पनि रकमान्तर गर्न जरूरी रहेको औंल्याए ।

'मन्त्रालयगत रूपमा आवश्यकता हेरेर बजेट रकमान्तर गर्छौं । जुन



मन्त्रालयले बढी रकम खर्च गर्छ, सोही मन्त्रालयमा बढी बजेट पठाउँछौं,' मन्त्री जम्मकट्टेलले भने । उनका अनुसार सरकारले तयार पारेका प्राथमिकता तथा न्यूनतम साझा कार्यक्रमअन्तर्गतका अल्पकालीन योजनामा बढी रकम खर्चिने तयारी भइरहेको छ । जम्मकट्टेलले यसअघिको सरकारले असार महिनामा मात्र रकमान्तर गर्ने गरेका कारण विकास बजेटको खर्च असाध्यै न्यून हुने गरेको दाबी गरे । 'कार्यान्वयन हुने र नहुने योजना छनोट सकिने बित्तिकै धमाधम रकमान्तर गरेर काम गर्नेछौं,' उनले भने । उनले बजेट खर्च बढाउन र बजेट फिर्ता हुनबाट रोक्न भए पनि रकमान्तर गर्नु आवश्यक भएको तर्क गरे ।

सरकारले रकमान्तर गरेर आफ्ना योजना लागू गर्ने नीति तय गरेसँगै पछिल्लो समय मन्त्रिपरिषद् बैठक लामो हुन थालेको एक मन्त्रीले बताए । 'पछिल्ला मन्त्रिपरिषद् बैठक रकमान्तरको विषयमा केन्द्रित हुने गरेको छ,' ती मन्त्रीले भने, '७ अर्बभन्दा धेरै बजेट रकमान्तर हुन सक्छ । यो प्रारम्भिक तथ्यांक हो । वर्षैंभरि रकमान्तर गरेर सरकार अगाडि बढ्ने तयारीमा छ ।'

प्रदेश सरकारले पहिलो चरणमा ७५ करोड रूपैयाँ बजेट रहेको प्रदेश गौरवको आयोजना भीमफेदी–कुलेखानी सुरूङ मार्ग, ५० करोड रूपैयाँ बजेट रहेको विद्युतीय बस खरिदलगायत ठूला कार्यक्रम स्थगन गरेर रकमान्तर गर्ने तयारी गरिरहेको छ । दोस्रो चरणमा कोरोनाविरूद्धको खोप खरिद गर्न विनियोजन गरेको २ अर्ब रूपैयाँ प्रयोग गरिने बताइएको छ । 'कोरोनाविरूद्धको खोप केन्द्र सरकारले खरिद गरेका कारण प्रदेशलाई भार परेन । त्यसकारण उक्त बजेट रकमान्तर गर्ने तयारी गरेको देखिन्छ,' स्वास्थ्य मन्त्रालयका एक कर्मचारीले भने । तर स्वास्थ्यमन्त्री निमा लामाले स्वास्थ्यको बजेट सोही क्षेत्रमै खर्च गर्न लबिइङ गरिरहेका ती कर्मचारीले बताए ।

सरकारले कोरोना महामारीबाट नागरिकको जीवन रक्षा, उत्पादनशील क्षेत्र, कोरोना महामारी प्रभावित लक्षित कार्यक्रम, विपद् व्यवस्थापन, विशेष अनुदान र समपूरक योजना, शिक्षा र सामाजिक रूपान्तरणको विषयसँग जोडिएको क्षेत्रमा रकमान्तर भएको बजेट खर्च गर्ने तयारी गरिरहेको बुझिएको छ । मुख्यमन्त्री पाण्डे स्रोतका अनुसार बजेटमा विनियोजन गरिएको समपूरक, विशेष र ससर्त अनुदानमा समेत सरकारले रकमान्तर गरेर हेरफेर गर्ने सम्भावना छ ।

प्रदेश सरकारले १ सय १९ स्थानीय तहका लागि समपूरक अनुदानतर्फ २ अर्ब ९२ करोड, ससर्त अनुदानतर्फ २ अर्ब ६६ करोड, वित्तीय हस्तान्तरणतर्फ १ अर्ब ७० करोड र विशेष अनुदानतर्फ ४२ करोड बजेट विनियोजन गरेको छ । 'एक वर्षभित्रै देशमा तीनै तहको निर्वाचन हुन्छ । त्यसकारण पनि रकमान्तर गर्न लागिएको हो । आफूअनुकूल बजेट खर्च गर्न यसो गरिँदै छ,' आर्थिक मामिला मन्त्रालयका एक कर्मचारीले भने ।

# मकवानपुरगढीमा मनाईयो विजय उत्सव

◆ विकास संवाददाता

मकवानपुरको मकवानपुरगढी गाउँपालिकामा २ सय ५९ औं विजय उत्सव मनाईएको छ । १० माघ अर्थात २ सय ५९ वर्ष अघि यसै दिन गोरखा सैनिकले पहिलो पटक विदेशी सेना अर्थात मुगल सेनालाई पराजित गरेको थियो ।

२५९ वर्षअघि भएको सो युद्धमा गोरखा सेना र विदेशीबीच युद्ध भएको थियो । पहिलो विजयोत्सव मनाउन पृथ्वीनारायण शाह स्वयम् गढीमा उपस्थित थिए । मुगल सेनाका फौज पराजित भएपछि उत्साहित बनेका पृथ्वीनारायण उत्सवमा सहभागी हुन मकवानपुरगढी पुगेका थिए । गुरगिनन खाँको नेतृत्वमा आएको करिब २५ सय मुगल सेनाका फौजलाई गोर्खाली सेनाले परास्त गरेका थिए । उक्त लडाईमा मुगलका करिब

आयोजनामा भएको विजयी उत्सव कार्यक्रममा मकवानपुर क्षेत्र नंबर १ का सांसद कृष्णप्रसाद दाहालको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै सांसद दाहालले मकवानपुगढी दरबारको संरक्षण गर्न आवश्यक बजेटको लागि पहल गरिने बताए । कार्यक्रममा बोल्दै दाहालले मकवानपुरगढीको ऐतिहासिक महत्व रहेको भन्दै संरक्षणको अवश्यक्ता रहेको बताए । उनले मकवानपुरगढीबाट सुरू भएको विजय अभियानले नेपाल एकीकरणका लागि महत्वपूर्ण भूमिका रहेको उल्लेख गरे । कार्यक्रममा गढी दरबार परिसरमा नेपाली सेनाले निर्माण गरेको मकवानपुरगढी र नेपाली सेना सम्बन्ध अंकित शिलालेख बोर्ड तथा दरबार परिसरमा झन्डोत्तोलन गरिएको



सत्र सय फौज र गोर्खाली फौज तर्फ करिब ३० जनाको मृत्यु भएको थियो । उक्त युद्धमा गौर्खाली सेनाले ५०० भन्दा बढी आधुनिक हातहतियार र शक्तिशाली तोप २ थान हात पारेको थियो ।

सोहि दिनको स्मरणमा हरेक वर्षको माघ १० गते मनाउँदै आईएको विजय उत्सव यस वर्ष भने कोभिड १९ संक्रमणको जोखिमलाई मध्यनजर गर्दै सामान्य ढङ्गले मनाईएको छ । एतिहासिक मकवानपुरगढी विजय उत्सव मूल समारो समिति मकवानपुरगढीको थियो । गाउँपालिकाका अध्यक्ष बिदुर हुमागाईंको अध्यक्षतामा भएको विजय उत्सव कार्यक्रममा नेपाली सेनाका २८ नंबर गणका प्रमुख सेनानी भाइकाजी थापा, पुरानो गोरख गणका गुणराज अधिकारी,गाउँपालिकाको उपाध्यक्ष हर्कमाया रूम्बा,गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामकुमार पुडासैनि, वडा अध्यक्षहरू, सदस्यहरू, कार्यपालिका सदस्यहरू, राजनीतिक दलका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

# 'एक वडा, एक पशु स्वास्थ्यकर्मी' कार्यक्रम सञ्चालन गरिने

◆ विकास संवाददाता

बागमती प्रदेशका एक सय १९ वटा स्थानीय तहका प्रत्यक वडामा 'एक वडा, एक पशु स्वास्थ्यकर्मी' कार्यक्रम सञ्चालन गर्ने भएको छ ।

यसका लागि बागमती प्रदेश सरकारले तयारी थालेको हो । प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यस प्रदेशका ११ सय भन्दा बढी वडामा पशु स्वास्थ्यकर्मी खटाएर किसानका लागि सहज बनाउन यो कार्यक्रम गर्न लागिएको मन्त्रालयका सचिब डाक्टर शरण कुमार पाण्डेले बताए ।

बागमती प्रदेशमा पशुपन्छी तथा मत्स्यमा लाग्ने रोगहरूको अन्वेषण, नियन्त्रण, रोकथाम तथा उन्मुलन गर्ने उद्देश्यले बागमती प्रदेश सरकारले एक वडा एक पशु स्वास्थ्यकर्मिको कार्यक्रम अघि सारेको उनले बताए । स्थानीय तहको वडासम्मै नै प्राविधिक सेवा विस्तार गर्न, पशु सेवालाई सहज, सरल, पहुचयोग्य बनाई छिटो छरितो र गुणस्तरीय सेवा प्रदान गर्न, ग्रामिण क्षेत्रमा पशु सेवा प्रदायक र कृषकहरू बीचको दुरी कम गर्दै पशुपन्छी क्षेत्रको विकासको लागि एक वडा एक पशु स्वास्थ्यकर्मी कार्यक्रम प्रदेशको साझा न्यूनतम कार्यक्रम लागू गर्नका लागि यसैवर्षबाट काम सुरू गर्ने गरी तयारी थालिएको सचिब पाण्डेले बताए ।

पशु, पन्छीजन्य रोगहरूको नियन्त्रण तथा रोकथामको लागि स्थानीय तहसगँको समन्वयमा सम्बन्धित वडाहरूमा एक वडा एक पशु स्वास्थ्य क्लिनिक स्थापनाको लागि सम्बन्धित स्थानीय तहसगँ समन्वय गरि वडाहरू प्रस्ताव गर्न मन्त्रालयले आफ्ना मातहतका कार्यालयहरूलाई परिपत्र गरिसकेको छ ।

मन्त्रालयले प्रारम्भिकमा वडाहरू प्रस्तावको लागि पशु स्वास्थ्य प्राविधिक हुनुपर्ने, पशु स्वास्थ्य क्लिनिक स्थापनाको लागि वडाको आफ्नै जमिन हुनुपर्ने, पशुपन्छी पालनको घनत्व भएको क्षेत्र आदिको आधार तय गरिएको छ ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# वित्तीय साक्षरता सम्बन्धी अभिमुखीकरण

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ४ किटेनीमा नयाँ वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्शको लागि अभिमुखिकरण कार्यक्रम भएको छ । थाहा नगरपालिकाबाट संचालित सुरक्षित आप्रवासन परियोजना अन्तर्गत आर्थिक वर्ष २०७८/७९ का लागि वडा नम्बर ४ मा उक्त कार्यक्रम संचालन गरिएको हो ।

कार्यक्रममा वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श तथा अभिमुखिकरण गरियको थियो । सुरूमा सहभागीहरूलाई वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्शको परिभाषा तथा यसको महत्व र आवश्यकताबाट प्रष्ट पारिएको थियो । विशेषतः वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्शको बारेमा पुर्ण जानकारीका साथै परियोजनाको बारेमा समेत सहभागीहरूलाई अभिमुखिकरण गराईएको थियो ।

वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षाको सामान्य निती नियम पनि बनाईएको छ । त्यसपछि वैदेशिक रोजगारीले पारेका राम्रा र नराम्रा प्रभावहरूको बारेमा छलफल गरिएको छ । प्रतिबद्धता पत्रको बारेमा पुनःस्मरण गराउदै कक्षा व्यवस्थापन समितीका सदस्यमार्फत कक्षा समापन गरिएको वित्तिय साक्षरता सहजकर्ता मेलिना खत्रीले बताइन् ।



समिती गठन गरे सँगै वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा सुरू गरिएको वित्तिय साक्षरता सहजकर्ता मेलिना खत्रीले बताइन् । सुरक्षित आप्रवासन परियोजना नेपाल सरकार र स्वीस सरकार विचको द्विपक्षीय परियोजना हो । यो परियोजना श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारहरूको (थाहा नगरपालिकाको) नेतृत्व एकीकृत ग्रामीण बिकासको सहजीकरण तथा हेल्भेटास नेपालको प्राविधिक सहयोगमा सञ्चालित सुरक्षित आप्रवासन परियोजना सामी अर्न्तगतको वित्तीय साक्षरता संभागमा डिप्रोक्स नेपालले वित्तीय साक्षरता कार्यक्रमलाई व्यवस्थित सञ्चालनको प्राविधिक साझेदारीको काम गर्दै आइरहेको छ ।

वैदेशिक रोजगारीलाई व्यवस्थित तथा मर्यादित एवम् शोषणरहित बनाउदै वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको सहि सदुपयोग गरि देशभित्रै रोजगारीको अवसरहरू सिर्जना गर्ने तथा आय आर्जनमा वृद्धि गरि भविष्यमा सहज जिविकोपार्जन गर्ने गराउने यस परियोजनाको मुख्य उद्धेश्य रहेको मनोसामाजिक परामर्श कर्ता सुनिता बस्नेतले बताइन् । आयोजना तथा परियोजनाको लागी प्राविधिक सहयोग हेल्भेटास नेपालले गरेको छ ।

# कुण्डलदेवीको साधारणसभा




◆ विकास संवाददाता

थाहा नगरपालिकाको दामनमा मुख्य कार्यालय रहेको कुण्डलदेवी बहुउद्देश्यीय सहकारी सस्थाको २१ औं साधारणसभा सम्पन्न भएको छ । कोरोना महामारी फैलिरहेको सन्दर्भमा स्वास्थ्य सतर्कता अपनाउँदै सीमित सहभागितामा साधारणसभा सम्पन्न गरिएको संस्थाका व्यवस्थापक राजन मिश्रले जानकारी दिए ।

संस्थाका अध्यक्ष शिवकुमार खत्रीको अध्यक्षता तथा थाहा-४ का वडाध्यक्ष दिपकसिं लामाको प्रमुख आतिथ्यतामा साधारणसभा गरिएको हो । सभाको उद्घाटन समारोहमा प्रमुख अतिथि लामा, संस्थाका पूर्वअध्यक्ष विनोदकुमार लामा, थाहाटाइम्सका सम्पादक कुमार नेगी लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

साधारणसभाले अध्यक्ष शिवकुमार खत्री, सचिब रामकुमार बल र कोषाध्यक्ष सिताराम रूम्बाको प्रतिवेदन सर्वसम्मत् पारित गरेको छ । सभासमक्ष कोषाध्यक्ष रूम्बाले गत आर्थिक बर्षमा रू. ३ करोड ७४ लाखको आर्थिक कारोबार भएको जनाउँदै रू. ८ लाख ९६ हजार खुद नाफा भएको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

# त्रिभुवनराजपथको कालोपत्रे रोकियो



◆ विकास संवाददाता

नेपालको जेठो राजमार्ग त्रिभुवन राजपथको दामन र टिष्टुङ खण्डमा गरिएको कालोपत्रेको गुणस्तरीय नभएपछि निर्माण कम्पनीलाई काम रोक्न निर्देशन दिएको छ ।

निर्माणको जिम्मा पाएको रोजन निर्माण सेवाले नौबिसेमा पकाएको कालोपत्रे दामन र टिष्टुङसम्म ल्याएर काम गर्नाले गुणस्तरीय हुन नसकेको इन्जिनियर लोमस उपाध्यायले बताए । इन्जिनियर उपाध्यायका अनुसार अब कम्पनीले फिल्ड नजिकै प्लान्ट राखेर काम गर्न निर्देशन दिएको छ । उपाध्यायले भन्नुभयो, 'मैले तत्काल काम रोक्न निर्देशन दिइसकेको छु, अब माघ १५ यता काम नगर्न निर्देशन दिएको छु ।'

रोजन निर्माण सेवाले टिष्टुङ र दामन खण्डको कालोपत्रेको जिम्मा पाएको थियो । काम रोक्न डिभिजन सडक कार्यालयको निर्देशन पाएपछि आजै साइड सफा गर्न थालिसकेको निर्माण कम्पनीले जनाएको छ । यसैबीच, नयाँगाउँदेखि खानीगाउँसम्मको कालोपत्रेको ठेक्का पाएको शिवशक्ति निर्माण सेवाले कालोपत्रे पकाउनका लागि साइटको खोजी सुरू गरेको छ । कम्पनीका अनुसार माघको दोस्रो सातासम्ममा यो बीचको खण्डको काम सुरू गरिने सम्भावना छ ।

डिभिजन सडक कार्यालय प्रमुख खण्ड श्रेष्ठले त्यतिबेला कालोपत्रे गरेर तत्काल बिग्रिएका ठाउँमा पुनः काम गराएपछि मात्र बिल पास हुने बताए ।

# औद्योगिक वातावरणको सृजना गर्न चासो

◆ विकास संवाददाता

बागमती प्रदेशभित्र औद्योगिक वातावरण सिर्जना गर्न प्रदेश सरकारले चासो देखाएको छ । अलपत्र औद्योगिक योजनालाई सुरू गराउन मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले चासो देखाएका छन् ।

प्रदेश सरकारले औद्योगिक क्षेत्र स्थापानाका लागि जग्गा पनि खोजी गरि रहेको मुख्यमन्त्रीका निजी सचिव अच्युत उपाध्याय लामिछानेले जानकारी दिएका छन् । मुख्यमन्त्री पाण्डेले औद्योगिक वातावरण सृजना गर्न र लगानीको वातावरण निर्माण गर्न प्रस्तावित औद्योगिक क्षेत्रको निरीक्षण गरिरहेका छन् । उनले चितवनको कालिका नगरपालिका स्थित प्रस्तावित शक्तिखोर औद्योगिक क्षेत्र र हेटौंडाको औद्योगिक क्षेत्रको निरीक्षण गरि सकेका छन् । उनले नयाँ उद्योग स्थापनाका लागि पनि जग्गाको खोजी गरिरहेका छन् ।

मुख्यमन्त्री पाण्डेले चितवन उद्योग वाणिज्य संघ तथा चितवन उद्योग संघको पदाधिकारी सहित प्रस्तावित शक्तिखोर औद्यागिक क्षेत्रको निरीक्षण गरेका हुन् । उनले स्थानीय सरोकारवाला पक्षहरूसँग औद्योगिक क्षेत्रको बारेमा जानकारी लिएका थिए ।

# सार्वजनिक सेवा पाउन खोपकार्ड अनिवार्य



◆ विकास संवाददाता

सार्वजनिक स्थान जाँदा कोरोनाविरूद्धको खोप लगाएको प्रमाणस्वरूप खोप कार्ड देखाउनुपर्ने भएको छ । यसैगरी जिल्ला भित्रका सबै सार्वजनिक निकायमा सेवा प्राप्त गर्न पनि खोपकार्ड अनिवार्य गरिएको छ ।

जिल्ला प्रशासन कार्यालयहरूले सरकारी कार्यालय, होटल, रेष्टुरेन्ट, सिनेमा हल, रंगशाला, हवाईयात्रा, पार्क आदिमा जाँदा खोप कार्ड बोक्नुपर्ने छ । खोप लगाएको कार्डको फोटो मोबाइलमा देखाए पनि हुनेछ ।

यसैबीच, थाहानगरको मालपोत कार्यालयले पनि सेवाग्राहीहरूलाई खोप कार्ड अनिवार्य गरेको छ ।

कार्यालय प्रमुख मधु लम्सालले सेवाग्राहीले अनिवार्य रूपले मास्क, सेनिटाइजर लगाएर खोप कार्ड साथमा लिएर आउन आग्रह गरे ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७५३३००
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


**वस्तु तथा सेवाको उत्पादक, ढुवानीकर्ता, सञ्चयकर्ता, पैठारीकर्ता, बिक्रेता र सेवा प्रदायकले उपभोक्ता संरक्षण ऐन र नियमावली बमोजिमको कर्तव्य र जिम्मेवारी वहन गरी उपभोक्ताको हित संरक्षण गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**


*उपभोग्य वस्तु खरिद गर्दा उपभोग्य मिति हेरेर मात्र खरिद गरौं ।*

– विकास खबरपत्रिका

## कण्डम






- कण्डम गर्भान्तरको लागि पुरुषले प्रयोग गर्ने परिवार नियोजनको एक मात्र अस्थायी साधन हो । यो प्रत्येक पटक यौन सम्पर्क गर्दा सहि तरिकाले प्रयोग गर्नुपछ ।
- घर भन्दा बाहिर कामकाज गर्ने व्यक्ति घर फर्कदा अनिच्छित गर्भ रहनबाट रोक्न कन्डम एक सरल उपाय हो ।
- यसले गर्भ निरोध र एच. आई.भी तथा यौन रोगको संक्रमणबाट पनि बचाउछ । कण्डमले दोहोरो सुरक्षा प्रदान गर्छ ।
- यो प्रयोग गरिसकेपछि उचित ठाउँमा व्यवस्थापन गर्नुपर्छ ।
- नजिकको स्वास्थ्य संस्था साथै आफ्नो वडाको महिला स्वास्थ्य स्वयंमसेविकाबाट पनि नि:शुल्क उपलब्ध हुन्छ ।
- यदि यौन सम्पर्कको बेला कण्डम फुटेमा चाडो भन्दा चाडो १२० घण्टाभित्र आकस्मिक गर्भ निरोधकको उपाय अपनाउनु पर्छ ।


**थाहा नगरपालिका**
**स्वास्थ्य शाखा**
**इन्द्रायणी चौर, मकवानपुर**

## परिवार नियोजन



- पहिलो बच्चा ढिलो पाउन
- कम्तीमा ३ बर्ष जन्मान्तर राख्न (बच्चा पाएको ४५ दिन भित्र शुरुवात)
- लामो समय गर्भ रोक्न
- सन्तानको रहर पुगेपछि

### १ . अस्थायी साधनहरू



**१.१ आई.यू.सी.डि (कपर टि) :**
- आई.यू.सी.डि महिलाले प्रयोग गर्ने लामो अबधिको अस्थायी साधन हो । यो पाठेघरमा राखिन्छ । एकपटक राखेपछि यसले १२ वर्षसम्म गर्भ रहन दिदैन ।

**१.२ ईम्प्लाण्ट :**
- ईम्प्लाण्ट महिलाको पाखुरामा राखिने परिवार नियोजनको अस्थायी साधन हो । यसले एक पटक लगाएपछि ५ बर्ष सम्म गर्भ रहन दिदैन ।


**१.३ डिपो (३ महिने) सुई :**
- यो सुई लगाएपछि ३ महिना सम्म गर्भ रहन दिदैन ।

**१.४ खान चक्का (पिल्स) :**
- गर्भधारणबाट पूणरुपमा सुरक्षित रहनका लागि महिलाले प्रत्येक दिन नबिराई खाने चक्की (पिल्स) को सेवन गर्नुपर्छ ।

**थाहा नगरपालिका**
**स्वास्थ्य शाखा**
**इन्द्रायणी चौर, मकवानपुर**

## NOVEL CORONA VIRUS (nCOV)
### सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

### नोवेलकोरोनाभाइरसका मुख्य लक्षणहरू



ज्वरो (१००.४°F भन्दा माथि) | श्वास प्रश्वासमा अत्याधिक समस्या | रुघा र खोकी

*"कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा आत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

### नोवेल कोरोनाभाइरसबाट कसरी आफू र अरूलाई बचाउने?



- नियमित रूपमा साबुन-पानीले हात धुने
- खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने
- यदि फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने
- फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने
- जंगली तथा घरेलु पशुपन्छी हरूसँग असुरक्षित सम्पर्कबाट टाढा रहने
- पशुजन्य मासु/अन्डा राम्रोसंग पाकेको मात्र खाने

**नोवेल कोरोना भाइरस भनेको के हो ?**
यो नयाँ प्रजातिको भाइरस हो जुन मानव जातिमा पहिले पहिचान भएको थिएन । यस भाइरसले मानिस र पशुहरूमा संक्रमण गर्दछ । यस भाइरसले सामान्य रुघा खोकी देखि गम्भीर प्रकारको तीव्र श्वासप्रश्वास Severe Acute Respiratory Syndrome (SARS) सम्म गराउन सक्दछ ।

**के मानिसमा जनावरहरूबाट नोवेल कोरोना भाइरस संक्रमित हुन सक्दछ?**
नोवेल कोरोना भाइरस जनावरबाट मानिसमा संक्रमित भएको कुनै बैज्ञानिक आधार हाल छैन ।

**के नोवेल कोरोना भाइरस र SARS एउटै हुन् ?**
सन् २००३ मा देखिएको SARS र नोवेल कोरोना भाइरस एउटै प्रजातिका भाइरस हुन् । दुवै भाइरसले बिरामीलाई गम्भीर बनाउन सक्दछन् । सबैभन्दा महत्त्वपूर्ण कुरा, नोवेल कोरोना भाइरस मानिसहरू बीच सजिलै सर्न सक्दछ भनेर अझै पुष्टी भएको छैन ।

**मानिस कसरी यो भाइरसबाट संक्रमित हुन सक्छ ?**
मानिस कसरी यो भाइरसबाट संक्रमित भएका छन् भन्ने बारेमा आज सम्म बैज्ञानिक तवरले पुष्टी भएको छैन । हाल यस बिषयमा अनुसन्धान भइरहेको छ ।

**के यो एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्दछ ?**
अहिले निश्चितताका साथ भन्न सकिने अवस्था छैन । एउटै परिवारका सदस्यहरू बिरामी भएको पाइएकोले, मानव-मानव बीचमा सिमित तवरले सर्ने सम्भावना रहेको अनुमान गरिएको छ । साथै, परिवारका सदस्यहरू एकै स्रोतबाट संक्रमण भएको हुन सक्ने सम्भावना पनि रहेको छ ।

**यस भाइरसको संक्रमणबाट कसरी बच्न सकिन्छ ?**
सामान्यतः यस भाइरसको संक्रमण कसरी हुन्छ भन्ने बारेमा एकिन जानकारी छैन । तथापि रुघा, खोकी तथा श्वास प्रश्वासका बिरामीको नजिक नजाने तथा हातको सरसफाई नियमित गरेमा संक्रमणको सम्भावना कम रहन्छ ।

**के कोरोना भाइरसको लागि उपचार छ ?**
नोवेल कोरोनाभाइरसले गर्दा हुने रोगको लागि कुनै खास उपचार छैन । यद्यपि यो भाइरसले निम्त्याएका धेरै लक्षणहरूको उपचार गर्न सकिन्छ, त्यसैले बिरामीको उपचार लक्षणको आधारमा गरिन्छ । साथै यस भाइरसको विरुद्ध हाललाई कुनै खोप उपलब्ध छैन ।

**थाहा नगरपालिका**
**नगर कार्यपालिका कार्यालय, स्वास्थ्य शाखा, इन्द्रायणी चौर, मकवानपुर**